राष्ट्रको सञ्चार

नेपाल टेलिकम

# Telecom Newsletter

नेपाल दूरसञ्चार कं.लि., भद्रकालीप्लाजा, काठमाडौं



Monthly Publication

Volume 23, Issue 3 No. 157 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Ashoj 2080 (Sep-October 2023)

## निमित्त प्रबन्ध निर्देशकमा संगीता पहाडी




नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम) को निमित्त प्रबन्ध निर्देशकमा कम्पनीका नायव प्रबन्ध निर्देशक संगीता पहाडी अर्याल नियुक्त हुनुभएको छ । नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको मिति २०८०।०६।१७ को निर्णय (मा. मन्त्रीस्तर) अनुसार उहाँलाई कम्पनीको प्रबन्ध निर्देशक पदमा अर्को व्यवस्था नभए सम्मका लागि निमित्त प्रबन्ध निर्देशक भई कामकाज गर्न तोकिएको छ । उहाँले कम्पनीको नायब प्रबन्ध निर्देशकको रुपमा प्रमुख प्राविधिक अधिकृतको कार्यभार सम्हाल्दै आउनुभएको थियो भने मिति २०८० असोज १७ गतेदेखि निमित्त प्रबन्ध निर्देशकको जिम्मेवारी सम्हाल्नु भएको हो ।

नवनियुक्त निमित्त प्रबन्ध निर्देशक संगीता पहाडी अर्यालले भारतको अलाहावाद युनिभर्सिटीबाट बी.ई. र थाइल्यान्डको एसियन इन्स्टिच्युट अफ टेक्नोलोजीबाट एम.ई. गर्नुभएको छ । उहाँले २०४९ चैत २३ गते तत्कालीन नेपाल दूरसञ्चार संस्थानमा इन्जिनियर पदमा अस्थायी नियुक्ति लिएर सेवा प्रवेश गर्नुभएको थियो भने २०५१ फाल्गुण १० गते स्थायी नियुक्ति लिनुभएको थियो । उहाँ २०७८ माघ १८ गते नायव प्रबन्ध निर्देशक नियुक्त हुनुभएको थियो । कम्पनीको प्रबन्ध निर्देशकको जिम्मेवारी सम्हालेपछि उहाँले आफूले सम्पन्न गर्ने कार्यहरुका बारेमा प्रकाश पार्दै तीव्र प्रतिस्पर्धामा रहेको कम्पनीको प्रमुख आयश्रोतमध्येका भ्वाइस कल र अन्तर्राष्ट्रिय कलमा गिरावट आए तापनि कम्पनीलाई अग्रस्थानमा कायम राखिरहनका लागि कम्पनीका पूर्वनिर्धारित योजना र कार्यक्रमहरु चुस्त एवं परिणाममूखी कार्यान्वयनमा लैजाने बताउनु भएको छ ।

यसका साथै उहाँले कम्पनीलाई उत्कृष्ट संस्थाका रुपमा स्थापित गर्ने जिम्मेवारी फेरि हामी सबैमा आएको तथा कम्पनीलाई उत्कृष्ट र सम्वृद्ध बनाउन कार्यरत जनशक्तिको भूमिका सबैभन्दा महत्वपूर्ण हुने तथ्यलाई मनन गर्दै सम्पूर्ण कर्मचारीको वृत्ति विकास र सशक्तिकरणका लागि समेत भूमिका निर्वाह गर्ने प्रतिबद्धता जाहेर गर्नुभएको छ । उहाँले अगाडि भन्नुभएको छ - नेपाल सरकारको योजना तथा कार्यक्रमलाई आत्मसात गरी सम्पन्न गरिने कार्यहरु, कम्पनीको सञ्चालक समितिको निर्णय र मार्ग निर्देशनहरुका साथै नियामक निकाय र अन्य सरोकारवालाको तर्फबाट प्राप्त हुने सल्लाह, सुझाव तथा गुनासाहरुको तत्काल सम्बोधन गर्ने कार्यमा सबै निर्देशनालय, विभाग, कार्यालयमा कार्यरत कर्मचारी मित्रहरु तथा कम्पनीमा क्रियाशील ट्रेड युनियनका मित्रहरुबाट साथ सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दै कम्पनीको देखिने खालको प्रगतितर्फ एकजुट भई अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

## नेपाल टेलिकमको बजार अनुपात भ्वाइसमा ६१.०१ र डाटामा ६८ प्रतिशत

नेपाल टेलिकमको बजार हिस्सा वृद्धि भइरहेको छ । नियामक निकाय नेपाल दूरसञ्चार प्राधिकरणले प्रकाशित गरेको २०८० जेठको Telecommunication Indicators अनुसार भ्वाइस सेवामा नेपाल टेलिकमको बजार अनुपात ६१.०१ र डाटा सेवामा ६८ प्रतिशत पुगेको छ ।

सिम खरिद गर्ने सेवाग्राहीको संख्याको आधारमा प्राधिकरणले सो तथ्य सार्वजनिक गरेको हो । सो मानक अनुसार नेपाल टेलिकमका सबैभन्दा बढी भ्वाइस सेवाका ग्राहक मोबाइल सेवाका छन् । यस अनुसार जीएसएम मोबाइल सेवाका ग्राहक २ करोड २ लाख ३१ हजार छन् ।

त्यसैगरी डाटा सेवातर्फ सबै गरी २ करोड १ लाख ९३ हजार ७ सय ग्राहक छन् । यी मध्ये सबैभन्दा बढी १ करोड २८ लाख ४७ हजार ग्राहक फोरजी सेवाका छन् । नेपाल टेलिकमले फोरजीका साथै थ्रीजी, एफटीटीएच र एडीएसएल प्रविधिबाट डाटा सेवा उपलब्ध गराइरहेको छ ।

नेपाल टेलिकमले प्रकाशित गरेको पछिल्लो MIS Report (२०८० साउन) अनुसार सो अवधिसम्म सबै सेवाका गरी कुल २ करोड ११ लाख ८४ हजार ५०८ भ्वाइस सेवाका ग्राहक छन् । सो अवधिसम्म जीएसएम मोबाइल सेवाका ग्राहक २ करोड ५ लाख ६६ हजार ५१० छन् ।

त्यसैगरी इन्टरनेट सेवाका ग्राहक २ करोड ८ लाख ६० हजार ७७६ छन् । २०८० साउन सम्ममा फोरजी सेवाका ग्राहक १ करोड ३१ लाख ९७ हजार ११४ र थ्रीजी सेवाका ग्राहक ५९ लाख २० हजार ८१४ छन् ।

सो अवधिसम्म एफटीटीएच भ्वाइस सेवाका ग्राहक ३ लाख १६ हजार ७७५, एफटीटीएच डाटा सेवाका ग्राहक २ लाख ५५ हजार ९१ र आईपीटीभीका ग्राहक २७ हजार ३५ छन् ।

## दिगो र भरपर्दो सेवाका कारण रूचिकर बन्दै एनटी फाइबर

नेपाल टेलिकमले देशका अधिकांश भू-भागमा फाइबर टु द होम (एफटीटीएच) सेवा उपलब्ध गराइरहेको छ । कम्पनीले यसलाई एनटी फाइबर ब्रान्ड नाममा बिक्री-वितरण गरिरहेको छ । अत्याधुनिक प्रविधिको एनटी फाइबरमार्फत एउटै तारबाट एचडी गुणस्तरको आवाजसहितको टेलिफोन, तीव्र गतिको इन्टरनेट र टेलिभिजन सेवा समेत प्रयोग गर्न सकिन्छ ।

नेपाल टेलिकमले उपलब्ध गराइरहेको एनटी फाइबर सेवाग्राहीले निकै नै रुचाएको पाइएको छ । विभिन्न फरक विशेषता र महशुल दर पनि कम भएकाले यसप्रतिको आकर्षण अभिवृद्धि भइरहेको छ ।

### एउटैमा तीन प्लस १ सेवा

फाइबर टु द होम (एफटीटीएच) सेवामा उपलब्ध अफर अन्तर्गतको प्याकमा एकैपटक चारवटा सुविधा लिन सकिन्छ । यसबाट एकैपटकमा उच्च गतिको इन्टरनेटका साथै रोजेको च्यानलसहितको टेलिभिजन चलाउन, टेलिफोन सेवा प्रयोग गर्न र मोबाइल डाटा समेत चलाउन सकिन्छ । एउटै तारबाट आवश्यकता अनुसार चारवटा सुविधा चलाउन सकिने भएकाले नेपाल टेलिकमले यसलाई थ्री प्लस वान (3 Plus 1) अर्थात 'अब एउटैमा तीन प्लस १' सेवा नामकरण गरेको छ ।

*(बाँकी ४ पेजमा)*

# अत्यन्तै सहुलियत दरका सेवाहरूसहित अटम अफर




नेपाल टेलिकमले गत २०८० असोज २५ गतेदेखि लागु हुनेगरी अटम अफर (Autumn Offer) उपलब्ध गराएको छ । यस अन्तर्गत कम्पनीले विभिन्न भ्वाइस तथा डाटा अफरलाई अझ आकर्षक प्याकका रुपमा सेवाग्राहीसमक्ष प्रस्तुत गरेको छ ।

**यस अफरका आकर्षक प्याकहरु निम्न बमोजिम रहेका छन् –**

- अनलिमिटेड अन-नेट भ्वाइस प्याकेज अन्तर्गत रु. १३ मा बिहान ५ बजेदेखि बेलुकी ५ बजेसम्म नेपाल टेलिकमको नेटवर्कमा असीमित कुराकानी गर्न सकिने (अनलिमिटेड डे टाइम भ्वाइस) प्याकेज उपलब्ध रहेको छ । त्यसैगरी सोही अनलिमिटेड अन-नेट भ्वाइस प्याकेज अन्तर्गत रु. १३ मै बेलुकी १० बजेदेखि बिहान ६ बजेसम्म नेपाल टेलिकमको नेटवर्कमा असीमित कुराकानी गर्न सकिने गरी (अनलिमिटेड नाइट टाइम भ्वाइस) प्याकेज पनि उपलब्ध छ ।
- अल नेट भ्वाइस प्याक अन्तर्गत रु. १८ मा १ दिनभित्र सबै नेटवर्कमा २५ मिनेट कल गर्न सकिने सुविधा उपलब्ध छ ।
- यसैगरी अल टाइम डाटा प्याक अन्तर्गत रु. ९५ मा ७ दिनसम्म जुनसुकै समयमा चलाउन सकिने २.५ जीबी डाटा पनि प्रयोग गर्न सकिन्छ । त्यसैगरी आकर्षक सुविधा सहितको फोरजी अल टाइम डाटा अफर, युट्युब र फेसबुक चलाउन सकिने सोसल मिडिया प्याक र स्टे कनेक्टेड अल टाइम अफर समेत उपलब्ध छ ।
- प्रिपेडमा पनि सजिलो अनलिमिटेड ६३६ प्याकेज : कम्पनीले पोस्टपेड मोबाइलमा उपलब्ध गराइरहेको सजिलो अनलिमिटेड ६३६ प्याकेज प्रिपेड मोबाइलमा पनि उपलब्ध गराएको छ । यस अनुसार रु. ६३६ मा नेपाल टेलिकमको नेटवर्कमा अनलिमिटेड भ्वाइस, १५० मिनेट अन्य नेटवर्कमा (अफ-नेट) भ्वाइस, २०० वटा सबै नेटवर्कमा एसएमएस र ९ जीबी डाटासहितको प्याकेज उपलब्ध छ । यो प्याकेज लिएपछि २८ दिनसम्म चलाउन सकिने छ ।
- नेपाल टेलिकम एप डाउनलोड गर्दा १ जीबी बोनस डाटा : कम्पनीका सेवाग्राहीले 'नेपाल टेलिकम' एप डाउनलोड गरेर चलाउदा १ जीबी डाटा बोनसको रुपमा उपलब्ध हुनेछ । सो डाटा ३ दिनसम्म प्रयोग गर्न सकिने छ ।

अटम अफर अन्तर्गतका विभिन्न प्याकेज प्राप्त गर्नका लागि ग्राहकले *1415*1# डायल गर्नुपर्ने छ । कम्पनीको 'नेपाल टेलिकम' एपबाट पनि यस सम्बन्धी जानकारी लिन तथा सेवा खरिद गर्न सकिन्छ । त्यसैगरी कम्पनीको वेबसाइट www.ntc.net.np मार्फत यस सम्बन्धी विस्तृत जानकारी प्राप्त गर्न र सेवा खरिद गर्न सकिन्छ ।

## तीज तथा संविधान दिवस अफर

गत असोज १ गते मनाइएको तीज तथा असोज ३ गते मनाइएको संविधान दिवसको अवसरमा नेपाल टेलिकमले चाडपर्व अफर उपलब्ध गराएको छ । यस अन्तर्गत कम्पनीका ग्राहकहरुका लागि नेपाल टेलिकमले सहुलियत दरका डाटा र भ्वाइससहितको प्याकका साथै रिचार्ज अन बोनस उपलब्ध गराएको थियो । सो अफर गत भाद्र ३१ देखि असोज ६ गतेसम्म उपलब्ध भएको थियो ।

अफर अन्तर्गत रु. ४९ मा १ दिन प्रयोग गर्न सकिने १ एमबीपीएस अनलिमिटेड डाटाका साथमा नेपाल टेलिकमकै नेटवर्कमा प्रयोग गर्न सकिने १०० मिनेट भ्वाइस कल सुविधा सहितको प्याकेज उपलब्ध थियो । त्यसैगरी रु. ९८ मा ३ दिनसम्म प्रयोग गर्न सकिने ६ जीबी डाटा प्याक उपलब्ध थियो भने रु. १९९ मा ७ दिनसम्म प्रयोग गर्न सकिने १३ जीबी डाटा प्याक, रु. २९४ मा १० दिनसम्म प्रयोग गर्न सकिने २० जीबी डाटा प्याक र रु. ३९९ मा १५ दिनसम्म प्रयोग गर्न सकिने ३० जीबी डाटा प्याक उपलब्ध थियो ।

यही अफर अन्तर्गत रु. ७८९ मा फेस्टिभ कम्बो प्याक पनि लिन सकिने व्यवस्था थियो । प्रिपेड मोबाइल प्रयोगकर्ताका लागि २८ दिन र पोस्टपेड मोबाइल प्रयोगकर्ताका लागि ३० दिनसम्म चलाउन सकिने समयावधि तोकिएको सो प्याकेज अन्तर्गत ३० जीबी डाटा, सबै नेटवर्कमा कल गर्न सकिने ६०० मिनेट अल नेट भ्वाइस सुविधा र २०० अल नेट एसएमएस सुविधा यसमा उपलब्ध थियो । पोस्टपेड मोबाइल प्रयोगकर्ताले यो प्याकेज लिएमा मासिक रुपमा बुझाउनु पर्ने रेन्टल चार्जबाटै यो शुल्क काटिने सुविधा उपलब्ध थियो ।

त्यसैगरी एमपोस र फिजिकल रिचार्ज कार्डबाट रिचार्ज गर्दा समेत बोनस अन रिचार्जको रुपमा डाटा प्याकेज उपलब्ध गराइएको थियो । यस अनुसार रु. २०० देखि रु. ४९९ सम्मको रिचार्ज गर्दा २ दिनका लागि प्रतिदिन १ जीबीका दरले प्रयोग गर्न सकिने गरी २ जीबी डाटा उपलब्ध भएको थियो । त्यसैगरी रु. ५०० र सो भन्दा बढी रकमको रिचार्ज गर्दा प्रतिदिन २ जीबीका दरले ४ दिन चलाउन सकिने गरी ८ जीबी डाटा उपलब्ध गराइएको थियो ।

# उत्तर पश्चिमको अन्तिम बस्ती टिंकरमा मोबाइल सेवा




नेपाल टेलिकमले नेपालको उत्तर पश्चिमको अन्तिम बस्ती टिंकरमा मोबाइल सेवा सञ्चालनमा ल्याएको छ । गत असोज १६ देखि मोबाइल सेवा सञ्चालनमा आए पछि अब सो क्षेत्रका जनताले सहज रुपमा आफ्नै मोबाइलमार्फत फोन गर्न सक्ने भएका छन् ।

चीनको सिमानासँग जोडिएको दार्चुला जिल्लाको व्यास गाउँपालिका वडा नम्बर १ मा अवस्थित उत्तर पश्चिमी नाका टिंकरमा नेपाल टेलिकमले भीस्याट प्रविधिमार्फत टुजी प्रविधिको सेवा सञ्चालनमा ल्याएको हो । कम्पनीले यसका लागि आवश्यक सामग्री कैलालीको अत्तरिया र दार्चुलाको छाङरुबाट टिंकर पुर्‍याएको थियो ।

पहिले सो क्षेत्रमा भीस्याट प्रविधिका दुई लाइन टेलिफोन सञ्चालनमा थिए । अब भने टिंकर क्षेत्रमा रहेका करिब ५ सय सेवाग्राहीले आफ्नै मोबाइलबाट कुराकानी गर्न सक्ने छन् । यो वाहेक सो क्षेत्रमा अवस्थित सशस्त्र प्रहरी बल र इलाका प्रहरी कार्यालयमा कार्यरत प्रहरी तथा सो क्षेत्रमा आउने पर्यटकहरु समेत यसबाट लाभान्वित हुनेछन् ।

करिब ३ हजार ७ सय मिटरको उचाईमा अवस्थित टिंकर भारत सहितको त्रिदेशीय सीमाना जोडिएको स्थान छाङरुबाट करिब १२ किलोमिटर र सदरमुकाम खलंगाबाट करिब ८० किलोमिटर दुरीमा अवस्थित छ । त्यहाँबाट करिब ८ किलोमिटर हिँडेपछि चीनको सिमानास्थित १ नम्बर पिलर पुग्न सकिन्छ ।

नेपाल टेलिकमले प्रतिफल कम आउने र तुलनात्मकरुपमा लगानी बढी हुने स्थानहरुमा समेत समान रुपमा दूरसञ्चार सेवा विस्तार गर्ने क्रमलाई निरन्तरता दिँदै टिंकरमा समेत सेवा सञ्चालनमा ल्याएको हो ।

# मोबाइल सेवाका लागि उपयोगी Short Codes

| कोड | तरिका | विवरण |
|---|---|---|
| १४५५ | SUB लेखेर १४५५ मा SMS गर्ने | CRBT Activate गर्न |
| | UNSUB लेखेर १४५५ मा SMS गर्ने | CRBT Deactivate गर्न |
| १४७७ | START लेखेर १४७७ मा SMS गर्ने | NAMASTE CREDIT Activate गर्न |
| | STOP लेखेर १४७७ मा SMS गर्ने | NAMASTE CREDIT Deactivate गर्न |
| १४१५ | CB लेखेर १४१५ मा SMS गर्ने | Postpaid को Credit Limit थाहा पाउन |
| | BL लेखेर १४१५ मा SMS गर्ने | Prepaid को Balance थाहा पाउन |
| | VL लेखेर १४१५ मा SMS गर्ने | Data Volume थाहा पाउन |
| | FR लेखेर १४१५ मा SMS गर्ने | Free Resource थाहा पाउन |
| | PUK लेखेर १४१५ मा SMS गर्ने | PUK Number थाहा पाउन |
| | CUG लेखेर १४१५ मा SMS गर्ने | CUG Name थाहा पाउन |
| | FNFSUB लेखेर १४१५ मा SMS गर्ने | Friends & Family Numbers Subscribe गर्न |
| | FNFADD लेखेर १४१५ मा SMS गर्ने | Friends & Family Number Add गर्न |
| | FNFDEL लेखेर १४१५ मा SMS गर्ने | Friends & Family Number Delete गर्न |
| | FNFINQ लेखेर १४१५ मा SMS गर्ने | Friends & Family Number Query गर्न |
| | FNFMOD लेखेर १४१५ मा SMS गर्ने | Friends & Family Number Modify गर्न |
| | HELPFNF लेखेर १४१५ मा SMS गर्ने | Friends & Family Number Order मा सहयोग माग्न |
| | TQ लेखेर १४१५ मा SMS गर्ने | Prepaid Number को Last Top Up थाहा पाउन |
| | VD लेखेर १४१५ मा SMS गर्ने | Prepaid Number को Validity Period थाहा पाउन |
| | SCODE लेखेर १४१५ मा SMS गर्ने | Prepaid Number को Security Code थाहा पाउन |

**निम्न कोड डायल गरी विभिन्न सुविधा लिन सकिन्छ ।**

| कोड | सुविधा |
|---|---|
| *1414# | नयाँ सिम पहिलो पटक Activate गर्न |
| *1415# | विभिन्न प्याकेज खरिद गर्न |
| *400# | मोबाइलमा ब्यालेन्स र क्रेडिट लिमिट थाहा पाउन |
| *144# | मोबाइलमा ब्यालेन्स र क्रेडिट लिमिट थाहा पाउन |
| *422# | व्यालेन्स ट्रान्सफर गर्न |
| *133# | व्यालेन्स ट्रान्सफर गर्न |
| *122# | विभिन्न सेवाहरुमा रिचार्ज गर्न |
| *412# | विभिन्न सेवाहरुमा रिचार्ज गर्न |
| *17123# | विभिन्न प्याकेज र अन्य जानकारीका लागि कोड थाहा पाउन |
| *1416# | एनटी फाइबर सम्बन्धी विभिन्न जानकारी लिन |
| *1477# | नमस्ते क्रेडिट लिन |
| *111# | VoLTE अफर लिन |
| *1442# | CUG Add On प्याक खरिद गर्न |
| *1422# | VAS Query र Unsubscribe गर्न |

## दुर्गम निसेलढोरमा दूरसञ्चार सेवा उपलब्ध



नेपाल टेलिकमले बागलुङ जिल्लाको दुर्गम स्थान निसेलढोरमा मोबाइल सेवा उपलब्ध गराएको छ । मोबाइल सेवाको पहुँचभन्दा बाहिर रहेको यस स्थानमा कम्पनीले सेवा उपलब्ध गराएपछि टेलिफोन गर्न दुई घण्टासम्म हिंडेर डाँडामा पुग्नुपर्ने वाध्यताबाट यहाँका वासिन्दाहरु मुक्त भएका छन् । निसीखोला गाउँपालिकाको वडा नम्बर ५ को ऐंसेलुधारा भन्ने स्थानमा निर्माण गरिएको बीटीएसमार्फत यस क्षेत्रमा मोबाइल सेवा प्रवाह गरिएको हो । यो स्थान तीन हजार ७३० मिटरको उचाइमा रहेको छ ।

हालसम्म मोबाइल सेवा उपलब्ध नभएको वडा नम्बर ५ का निशेलढोर, गावा, मस लगायतका गाउँहरुमा यो सेवाको पहँच स्थापित भएको सोही वडाका वडा अध्यक्ष हर्कमान घर्तीमगरले बताउनु भयो । यसैगरी यसबाट ढोरपाटन नगरपालिकाको वडा नम्बर ९ का ठूलो मस, भुजी र डिजा लगायतका वस्तीहरुमा पनि मोबाइल सेवाको पहुँच स्थापित भएको छ । वडाध्यक्ष घर्तीमगरका अनुसार यस बीटीएसबाट निसीखोला गाउँपालिका र ढोरपाटन नगरपालिकाका समेत गरी पाँचसय घरधुरीले मोबाइल सेवा उपयोग गर्न पाएका छन् । यसका साथै यसै टावरबाट पूर्वी रुकुमको भूमे गाउँपालिकाका पुथा र उत्तरगंगा लगायतका वस्तीहरुमा पनि मोबाइल सेवा उपलब्ध भएको छ । विद्युतको पहुँचमा नपुगेको यस स्थानमा टेलिकमले सौर्य शक्तिको प्रयोग गरी सेवा उपलब्ध गराएको हो ।



## टिकटक च्यालेन्जको आयोजना




नेपाल टेलिकमले 'नेपाल टेलिकम तीजको लहर टिकटक च्यालेन्ज' सञ्चालन गरेको छ । नेपाल टेलिकमको आधिकारिक टिकटक एकाउन्टमार्फत उक्त च्यालेन्जमा सहभागी हुन सकिने व्यवस्था गरिएको थियो । नेपाल टेलिकमको तीजको लहर गीतमा टिकटक बनाई यसमा सहभागी हुन सकिने व्यवस्था थियो । सो च्यालेन्जमा गत भाद्र २४ देखि असोज ७ गतेसम्म सहभागी हुन सकिने व्यवस्था थियो ।

विजेताहरुलाई नगद र अन्य पुरस्कारको व्यवस्था गरिएको छ । यस अनुसार सो च्यालेन्जमा पहिलो हुने विजेताले ४० हजार, दोस्रोले २० हजार र तेस्रोले १० हजार नगद पुरस्कार पाउने छन् । त्यसैगरी सान्त्वना पुरस्कारको रुपमा १० जना सहभागीलाई रु. ५०० को टप अप प्रदान गरिएको थियो ।

यस अनुसार पहिलो पुरस्कार विजेता Memepostingnepal, दोस्रो पुरस्कार विजेता rabin_tamang98 र तेस्रो पुरस्कार विजेता anamikabhusal3 हुनुभएको थियो ।

यसैगरी सान्त्वना पुरस्कार विजेताहरु Asmitaadhikari294, niru_ambika, hemant.49, sarukarkisigdel, gopalkriti1, crazysantosh05, namratasharma77, kalpana_krishty_anuska, sandeshneupane7 / dip_X हुनुहुन्छ ।

नेपाली महिलाहरुको महान चाड तीजलाई रमणीय बनाई नेपाल टेलिकमसँग जोडिन समेत प्रेरित गर्ने उद्देश्यले टिकटक च्यालेन्ज सञ्चालन गरिएको थियो ।

(१ पेजको बाँकी)

# दिगो र भरपर्दो सेवाका कारण ....

## अन्डरग्राउन्ड केबलमार्फत गुणस्तरीय सुविधा

एफटीटीएच सुविधा उपलब्ध गराउनका लागि आवश्यक पर्ने प्राइमरी नेटवर्क अर्थात कम्पनीको मुख्य सिस्टमदेखि फाइबर डिस्ट्रिब्युसन क्याबिनेट (एफडिसी) सम्मको नेटवर्क पूर्णत अन्डरग्राउन्ड अर्थात जमिन मुनि हुन्छ। त्यसपछि ग्राहकको घरसम्म फाइबर पुऱ्याउनका लागि मात्र एरियल नेटवर्कको प्रयोग गरिन्छ। यसरी अन्डरग्राउन्ड गरिएका नेटवर्क तुलनात्मक रुपमा थप सुरक्षित र गुणस्तरीय समेत हुनुका साथै केबल जमिनमुनि रहने हुनाले काटिएर क्षति हुने सम्भावना कम रहन्छ। भरपर्दो मानिएको अन्डरग्राउन्ड नेटवर्कमार्फत सेवाग्राहीलाई इन्टरनेट सुविधा उपलब्ध गराउने नेपाल टेलिकम मुलुकको एक मात्र कम्पनी हो।

## ड्युअल ब्यान्ड सीपीईमार्फत सेवा

पछिल्लो अवस्थामा कम्पनीले ड्युअल ब्यान्ड सीपीई (राउटर) मार्फत एनटी फाइबर उपलब्ध गराइरहेको छ। पहिले वाईफाईको बढ्दो प्रयोगका कारण 2.4 GHZ को फ्रिक्वेन्सी (Frequency) मा निकै धेरै सिग्नलहरु (Signals) रहने हुनाले 2.4 GHZ मा धेरै अवरोध (Interference) को कारण वाईफाई भरपर्दो नहुने र सोको तुलनामा 5 GHZ को फ्रिक्वेन्सीमा वाईफाई भरपर्दो र गुणस्तरयुक्त हुने गरेको छ। ड्युअल ब्यान्डमार्फत सेवा उपलब्ध गराउँदा सेवाको निरन्तरता सुनिश्चित हुनुका साथै सेवामा अवरोध आउने सम्भावना पनि कम हुन्छ। यसबाट सेवाको गुणस्तर समेत सुधार भएको छ।

## एनटी फाइबर इन्टरनेटमा अपत्यारिलो छुट

नेपाल टेलिकमले गत २०८० असोज २५ गतेदेखि लागु हुनेगरी एनटी फाइबर सेवाका व्यक्तिगत प्याकेज (Individual Package) मा प्रोमोसनल अफर (Promotional Offer) उपलब्ध गराएको छ। यस अफर अन्तर्गत सेवाग्राहीको अत्याधिक रुचि देखिएको एनटी फाइबर (NT Fiber) सेवालाई थप आकर्षक बनाउन पहिले उपलब्ध गराउँदै आएको स्पिड (Speed) लाई २५० प्रतिशतसम्म पुग्नेगरी ब्याण्डविथमा बढोत्तरी गरिएको छ। सेवाग्राहीहरुको रुचि र चासो रहेको एनटी फाइबर सेवामा कम्पनीले सहुलियत प्रदान गरेको हो।

यस अफरमा पहिले १० एमबीपीएस गतिको इन्टरनेट प्रयोग गरिरहनु भएका सेवाग्राहीले सोही मूल्यमै २५ एमबीपीएस र २० वा ३० एमबीपीएस गतिको इन्टरनेट चलाइरहनुभएका सेवाग्राहीले सोही मूल्यमा ५० एमबीपीएसको सेवा प्रयोग गर्न सक्नुहुनेछ। यसैगरी ४० एमबीपीएस गतिको सुविधा प्रयोग गरिरहनुभएका सेवाग्राहीले सोही मूल्यमा अबदेखि १०० एमबीपीएसको सेवा प्राप्त गर्नुहुनेछ। पहिले ८० एमबीपीएस सेवा लिइरहनु भएका सेवाग्राहीलाई पुरानै दरमा १५० एमबीपीएस गतिको सेवा उपलब्ध गराइएको छ। यसका साथै पहिले उपलब्ध हुँदै आएको Fair Usage Policy लिमिटलाई समेत बढोत्तरी गरिएको छ। साथै ३० एमबीपीएस र सो भन्दा माथिको एक वर्षको प्याकेज लिंदा दैनिक ३०० एमबी डाटा सेवाको सुविधा पनि उपलब्ध हुनेछ। यो सेवा उपयोग गर्नका लागि एनटी फाइबर सेवा लिंदा उपलब्ध गराइएको टेलिकमको मोबाइल नम्बरबाट *1416# डायल गर्नु पर्दछ।

## तोकिएकै गतिमा इन्टरनेट सुविधा

नेपाल टेलिकमले २५, ५०, १०० र १५० एमबीपीएसको गतिमा एनटी फाइबर सेवा उपलब्ध गराइरहेको छ। कम्पनीका सेवाग्राहीहरुले कम्पनीद्वारा तोकिएको गति अनुसारकै गुणस्तरीय सुविधा उपभोग गर्न पाउँछन्। कम्पनीले तोके बमोजिमकै ब्यान्डविथ उपलब्ध गराइरहेको छ। सिंगल युजर भएको समयमा ग्राहकले जहिले पनि यस अनुसारको गतिको सुविधा उपयोग गर्न सकिन्छ।

## XGPON प्रविधिमा आधारित उच्च गतिको इन्टरनेट सेवा

नेपाल टेलिकमले हाल १ जीबीपीएस (१००० एमबीपीएस) सम्म उच्च गतिको एक्सजीपोन (XGPON) प्रविधिमा आधारित एफटीटीएच इन्टरनेट सेवा समेत प्रारम्भ गरेको छ। सो सेवा ५०० एमबीपीएस र १ जीबीपीएस गरी दुईवटा प्याकेजमा उलपब्ध छ। यसको डाउनस्ट्रिम क्षमता १० जीबीपीएस र अपस्ट्रिम क्षमता २.५ जीबीपीएस रहेको छ। हालका लागि काठमाडौं उपत्यकामा उपलब्ध गराइएको यो सेवा व्यावसायिक संस्थाहरुका लागि लाभदायक छ।

## जडान र कम्प्लेनका लागि नि:शुल्क नम्बर १९८-१

आफूलाई आवश्यक परेको स्थानमा एफटीटीएच सेवाको उपलब्धताका सम्बन्धमा नि:शुल्क नम्बर १९८-१ (१९८ मा डायल गरी प्राप्त सन्देशपश्चात फेरि १) डायल गरी ग्राहक सेवा केन्द्रका प्रतिनिधिमार्फत आवश्यक जानकारी प्राप्त गर्न एवं सेवाको माग दर्ता गर्न सकिने व्यवस्था छ। यो सेवाको प्रयोग गरी एफटीटीएच सेवा प्राप्त गर्न चाहनुहुने मुलुकभरका सेवाग्राहीहरुले १९८-१ डायल गरेर आफूलाई आवश्यक पर्ने सेवा र स्थानका बारेमा पहिले नै माग दर्ता गर्न सकिने व्यवस्था पनि गरिएको छ। त्यसैगरी एफटीटीएच सेवाले राम्ररी काम नगरेमा वा लाइन बिग्रिएको अवस्थामा मर्मतका लागि आवश्यक सिकायत (Complain) दर्ता गराउन पनि सकिन्छ।

## विभिन्न सुविधाका लागि नेपाल टेलिकम एप

नेपाल टेलिकम एपबाट अन्य विभिन्न सेवाका साथै एफटीटीएचको बारेमा पनि विभिन्न जानकारी लिन सकिन्छ। यसका लागि ग्राहकले प्रयोग गरिरहेको सीपीयूको सिरियल नम्बर राखेर रजिस्टर गर्न सकिन्छ। यस पश्चात कस्टमर नम्बर राखेर विभिन्न सुविधा उपयोग गर्न सकिन्छ। घरमा एफटीटीएच चलेको वा नचलेको वा सिग्नलको अवस्था मोबाइलमा भएको एपबाटै हेर्न सकिन्छ। त्यसैगरी सीपीईलाई एपबाटै रिस्टार्ट गर्न पनि सकिन्छ। आफूले चलाइरहेको प्याकेज र यसको स्पिड तथा चलाउन बाँकी प्याकेजको अवस्थाका बारेमा पनि यसबाटै जानकारी लिन सकिन्छ। इन्टरनेटको डाउनलोड र अपलोड स्पिड पनि थाहा हुन्छ। यसमा भएको सेटिङ प्रयोग गरी वाइफाईको नाम र पासवर्ड परिवर्तन पनि एपबाटै गर्न सकिन्छ।




## नि:शुल्क ल्यान्डलाइन फोन

कम्पनीले एफटीटीएच सेवामा ग्राहकको आवश्यकता बमोजिमका विभिन्न प्याकेजहरु उपलब्ध गराएको छ। यी प्याकेजमा फाइबर इन्टरनेट सहित १ लाइन नि:शुल्क टेलिफोन सुविधा समेत उपलब्ध हुन्छ। यस अतर्गत प्राप्त हुने टेलिफोनबाट नि:शुल्क रुपमा असीमित टेलिफोन गर्न सकिन्छ।

## ७ देखि ७ सम्मको मर्मत सुविधा

हाल एफटीटीएच मर्मतका लागि बिहान ७ बजेदेखि बेलुकी ७ बजेसम्मकै सेवा उपलब्ध छ। काठमाडौं उपत्यकाका कार्यालयहरुमा यो सुविधा उपलब्ध भइरहेको छ भने उपत्यका बाहिर पनि यस प्रकारको सेवा विस्तार भइरहेको छ। कथंकदाचित् एफटीटीएच सेवामा अवरोध उत्पन्न भएमा मर्मत सुविधा तत्काल उपलब्ध हुन्छ। सेवामा गडबडी आएको गुनासो लगत्तै मर्मतको कार्य सम्पन्न गरिने र लामो समयसम्म सेवामा अवरोध नरहने भएकाले सेवाग्राहीले निरन्तर सेवाको उपयोग गरी लाभ हासिल गर्न सक्नु हुनेछ।


सुझाव तथा प्रतिक्रिया पठाउने ठेगाना: नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा
e-mail: ntc.news@ntc.net.np फोन: ४२१०३७८, फ्याक्स : ४२१०३७९, मासिक रूपमा प्रकाशित हुने यो Newsletter कम्पनीको website : www.ntc.net.np मा पनि उपलब्ध छ।

Published by: Nepal Telecom, Office of CCO, Information & Publication Section
Co-ordinator : Shobhan Adhikari Joint Co-ordinator : Parmatma Bhattarai

Editor : Umesh Raj Dahal
Editorial Team : Eka Raj Subedi, Meghanath Dhakal